जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०

म.नि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ४२ अंक ८ २०८० साल भदौ २४ गते आइतवार (10 Sep 2023 Sunday) मूल्य रु. ७/-




*यस अंक भित्र* – पृष्ठ २ मा : धर्मको बहसमा बहसकै ... पृष्ठ ३ मा : स्वास्थ्यकर्मीको लागि संघीयता ... पृष्ठ ४ मा : जसपाद्वारा आठै जिल्लाका ... पृष्ठ ५ मा : प्रदेशसभा सदस्य अनिरुद्ध ...

# सप्तरीको पाँच पालिका महिलाले हाक्दै जसमध्ये चार कार्यवाहक प्रमुख

**राजविराज**/सप्तरीको पाँच पालिका अहिले महिलाले नै हाक्दै आएकी छिन् । जसमध्ये चार पालिकमा महिलाले कार्यवाहक प्रमुखको जिम्मेवारी पाएकी छिन् भने एक पालिकामा पहिलेदेखी नै प्रमुख पदमा महिला नै छिन् ।

ती चारै जना महिला गत स्थानिय तह निर्वाचनमा उपप्रमुख र उपाध्यक्ष पदमा निर्वाचित तथा एक पालिकामा महिला प्रमुखमै निर्वाचित भएका थिए ।

प्रमुख र अध्यक्ष अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रसाद यादव निलम्बित अवस्थामा छन् ।

राजविराज नगरपालिका अहिले उपप्रमुख इसरत परवीन, बोदेवर्साइन नगरपालिका उपप्रमुख रेणु कुमारी साह, शम्भुनाथ नगरपालिका उपप्रमुख



**गिता चौधरी**
**प्रमुख**
**सुरुङ्गा नगरपालिका**

प्रमुख अनिता कुमारी चौधरी नेकपा (एकीकृत समाजवादी) बाट उपप्रमुखमा निर्वाचित जनप्रतिनिधि हुन् ।

नगरप्रमुख र गाउँपालिका अध्यक्ष निलम्बनमा परेपछी ती चारै पालिकाको जसपा अहिले सप्तरीको स्थानीय तहमा निर्वाचित प्रमुख विहीन बनेको छ ।

यस्तै जिल्लामा शम्भुनाथ नगरपालिकाको एक मात्र प्रमुख पद जितेको नेकपा एकिकृत समाजवादीका जितेन्द्र प्रसाद गुप्ता पनि अख्तियारको कारवाहीका कारण निलम्बनमा परेपछी ती पार्टीबाट गत स्थानीय तहमा निर्वाचित प्रमुख पदको संख्या पनि शून्यमा झरेको छ ।

सप्तरीको १८ पालिका मध्ये गत स्थानिय तहको



**इसरत परवीन**
**कार्यवाहक प्रमुख**
**राजविराज नगरपालिका**



**रेणु कुमारी साह**
**कार्यवाहक प्रमुख**
**बोदेबर्साइन नगरपालिका**



**अनिता कुमारी चौधरी**
**कार्यवाहक प्रमुख**
**शम्भुनाथ नगरपालिका**



**रेणु कुमारी यादव**
**कार्यवाहक प्रमुख**
**विष्णुपुर गाउँपालिका**

कारवाहीमा परेपछी तीन नगरपालिका र एक गाउँपालिकामा अहिले उपप्रमुख र उपाध्यक्ष कार्यवाहक प्रमुख भएर पालिका संचालन गर्दै आएकी छिन् ।

जिल्लाको राजविराज नगरपालिका, बोदेवर्साइन नगरपालिका, शम्भुनाथ नगरपालिकाका प्रमुख तथा विष्णुपुर गाउँपालिकाका अध्यक्ष विरुद्ध अख्तियारले विषेश अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेपछि क्रमश: भीमराज यादव, आतेश कुमार सिह यादव, जितेन्द्र प्रसाद गुप्ता र उमेश अनिता कुमारी चौधरी तथा विष्णुपुर गाउँपालिका उपाध्यक्ष रेणु कुमारी यादव कार्यवाहक प्रमुख भएर पालिका चलाइरहेकी छिन ।

राजविराजकी कार्यवाहक प्रमुख इसरत परवीन र बोदेबर्साइनकी कार्यवाहक प्रमुख रेणु कुमारी साह जसपाबाट गत निर्वाचनमा उपप्रमुख पदमा निर्वाचित भएकी हुन् भने विष्णुपुरकी कार्यवाहक प्रमुख रेणु कुमारी यादव नेपाली काँग्रेसबाट उपाध्यक्षमा जितेकी हुन् । त्यस्तै शम्भुनाथ नगरपालिकाकी कार्यवाहक नेतृत्व गर्ने अवसर अहिले महिलाहरुले पाएकी छिन् भने जिल्लाको सुरुङ्गा नगरपालिकाको प्रमुखमा नेपाली काँग्रेसबाट टिकट पाएर गिता चौधरी निर्वाचित भएकी हुन् ।

राजविराज नगरपालिकाका प्रमुख भीमराज यादव, बोदेवर्साइन नगरपालिकाका प्रमुख आतेश कुमार सिंह यादव र विष्णुपुर गाउँपालिकाका अध्यक्ष उमेश प्रसाद यादव तीनै जना गत स्थानिय तहको निर्वाचनमा जसपाबाट निर्वाचित भएका थिए । उनी तिनै जना अख्तियारको कारवाहीमा परेपछि निर्वाचनमा नेपाली काँग्रेसले सर्वाधिक ५ पालिकामा प्रमुख पद जित हात पारेको थियो । यस्तै जसपा, लोसपा र नेकपा एमालेले ३/३, जनमतले २ तथा नेकपा (एकिकृत समाजवादी) र नेकपा माओवादीले १/१ प्रमुख पदमा जित हात पारेको थियो ।

यसअघि २०७४ सालमा सम्पन्न स्थानिय तहको निर्वाचनमा जिल्लाको १८ मध्ये ५/५ पालिका नेपाली काँग्रेस, जसपा र लोसपाले जितेको थियो भने २ पालिकामा नेकपा एमाले र एउटा पालिकामा नयाँ शक्ति पार्टी विजयी भएको थियो ।

# बाबा गणिनाथ महोत्सवमा शोभाकलश यात्रा




**राजविराज**/हलुवाई लगायत अन्य जातजातीका कुल देवताको रुपमा मानिदै आएको बाबा गणिनाथको तीन दिवसीय महोत्सवको दोश्रो दिन शनिबार राजविराजमा शोभाकलश यात्रा निकालिएको छ ।

राजविराज ६ थानगाछीस्थित बाबा गणिनाथ मन्दिरको प्राङ्गणबाट निस्केको बाजा गाजासहितको शोभाकलश यात्रा बजार क्षेत्र परिक्रमा पश्चात् पुन: मन्दिर प्राङ्गणमा पुगि धार्मिक सभामा परिणत भएको थियो ।

सयौं महिला पुरुष र बालबालिका झण्डै पाँच किलोमिटरको पैदल शोभाकलश यात्रामा सहभागि भएको बाबा गणिनाथ महोत्सव आयोजक समितिका अध्यक्ष दिपककुमार साहले जानकारी दिए ।

यसअघि महोत्सवको पहिलो दिन शुक्रबार देवता र बाबा गणिनाथ कुल देवता भएका जातजातीलाई न्यौता (आमन्त्रण) र विशेष पूजाको आयोजना गरिएको थियो ।

महोत्सवको अन्तिम दिन आइतबार आरती, भजन, प्रसाद वितरण, छाकी र जनार लगायतका धार्मिक बिधी गरि तीन दिवसीय महोत्सव सम्पन्न हुने महोत्सव आयोजक समितिका सचिव शत्रुघन प्रसाद साहले बताए ।

केही वैश्य तथा हलुवाई समाजले प्रत्येक वर्ष आफ्नो कुल देवता बाबा गणिनाथको विभिन्न धार्मिक कार्यक्रमको आयोजना गरि तीन दिनसम्म महोत्सव मनाउँदै आएको छ ।

# जनमतका नेता मण्डललाई हिरासतमा राखी अनुसन्धान गर्न म्याद थप

**राजविराज**/गत प्रदेशसभा निर्वाचनमा जनमत पार्टीको तर्फबाट उम्मेदवार बनेका रामप्रसाद मण्डललाई प्रहरीले ज्यान मार्ने कसुरमा हिरासतमा लिएको छ ।

चार वर्षअघि एक नाबालकले आत्महत्या गरेको घटनाको अनुसन्धानका क्रममा सप्तरीको रुपनी गाउँपालिका वडा नं. ३ निवासी ७५ वर्षिय मण्डललाई बिहीबार साँझ गाउँबाटै प्रहरीले पक्राउ गरेको जनाएको छ ।

शुक्रबार सप्तरी जिल्ला अदालतले ज्यान सम्बन्धी कसुर मुद्दामा पाँच दिन हिरासतमा राखी अनुसन्धान गर्न प्रहरीलाई अनुमति प्रदान गरेको प्रहरी उपरिक्षक नरेन्द्र कुमार कार्कीले जानकारी दिए ।

प्रहरीका अनुसार २०७६ साल फागुन ६ गते सोही वडाका १४ वर्षिय बालक अखिलेश माली घर नजिकै रहेको आँपको बगैचामा रुखमा झुण्डिएर आत्महत्या गरेका थिए । मृतकका बुबा शिवनारायण मालीले सोही मामिलामा मण्डलविरुद्ध ज्यान सम्बन्धी कसुरमा मुद्दा दायर गरेका थिए । सोही कसुरमा उनलाई पक्राउ गरि अदालतबाट म्याद थपि आवश्यक अनुसन्धान थालिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

मण्डल गत प्रदेशसभा निर्वाचनमा जनमत पार्टीबाट सप्तरीको प्रदेशसभा ३ को १ बाट उम्मेदवार भई नेपाली काँग्रेसका मो. समिमसँग झिनो मतको अन्तरले पराजित भएका थिए ।

यता मण्डलका परिवारजनले आत्महत्याका विषयलाई लिएर नगरेको अपराध थोपारेर झुठो जाहेरी दिने र प्रहरीले पक्राउ गर्नु अन्याय भएको भन्दै न्यायका लागि माथिल्लो निकायमा जाने बताएका छन् ।

**दुषित पानीका कारण हुने रोगप्रति सजग रहौं**

फोहर पानी पिउनाले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जण्डिसजस्ता रोग लाग्न सक्छ ।

त्यसैले:

- खोला, धारा वा मुलको पानी सिधै नपिऔं ।
- पानी उमालेर मात्र पिऔं ।
- उमाल्न सम्भव नभएमा शुद्धीकरण गरेर मात्र पिऔं ।
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

# अझै रोकिएन खुल्ला स्थानमै दिसा पिसाब गर्ने बानी

सात वर्ष अघि नै सप्तरी खुल्ला दिसामुक्त क्षेत्र घोषणा भइसकेको जिल्ला हो । सन् २०१६ मै जिल्लालाई खुल्ला दिशा मुक्त क्षेत्र घोषणा गरिसकिएको छ । जिल्लालाई खुल्ला दिसामुक्त घोषणा गरिएपनि त्यो पूर्णरुपले लागु भएको देखिन्न् । अहिले पनि मानिसहरु खुल्ला क्षेत्रमै दिसा, पिसाब गरिरहेका छन् । तर, सम्बन्धीत निकाय मुकदर्शन बनेको छ । कीन न होस् हतार हतारमा सरकारी निर्णयलाई कार्यान्वयन गराउन लागिएको थियो । सदरमुकाम राजविराजमा अहिले पनि पूर्ण रुपमा शौचालय छैन् । हाल पाँच वटा शौचालय रहेपनि दुई वटा संचालनमा छैन् भने दुई वटा कार्यालय समयमा मात्र संचालनमा आउछ । एउटा हटियामा अवस्थित छ त्यो आम जनताको पहुँच भन्दा टाढा छ । उक्त शौचालय हाट बजार गर्न आउने व्यक्ति भन्दा पनि हाट बजार लगाउने व्यापारीहरुले प्रयोग गर्छन् ।

यसरी मुख्य चौकमा शौचालय नहुँदा सर्वसाधारण मानिसलाई दिसा, पिसाब गर्न निकै कठिनाई हुने गरेको छ । जसकारण उनीहरु खाली स्थानमै दिसा, पिसाब गर्न बाध्य हुन्छ । कुनै लाज र कुनै संकोच बेगरै उनीहरु खुल्ला स्थानमा शौच र पिसाब गर्ने बानी नै बसाली सकेका छन् । उहिले घोषणा गरिएको कुरा अहिले कागजमा मात्र सीमित भएको छ । सहर सुन्दर, सफा, व्यवस्थित तथा जनताको काम सरल र सुलभ तरिकाबाट कसरी हुने बारे कसैलाई चासो छैन् । पालिका भित्रका सडकहरु शौचालयमा परिणत भइरहेको छ, नगरपालिका अगाडी नै शौच र पिसाब गर्ने गरिन्छ ।

सहरलाई सफा राख्न शौचालयको मुख्य भूमिका हुन्छ । तसर्थ शौचालयको निर्माण गर्नेतर्फ स्थानिय पालिकाले ध्यान दिनु पर्ने आवश्यक छ भने यसका लागि सम्पूर्ण स्थानिय तहले स्वच्छता अभियानको माध्यमले अगाडी बढ्नु पर्ने उत्तिकै जरुरी छ ।

# धर्मको बहसमा बहसकै धर्मचाहिँ नबिर्सियोस्

**डा. अतीन्द्र दाहाल**

गणतान्त्रिक आन्दोलन तथा नयाँ संविधानका थुप्रै महत्त्वपूर्ण उपलब्धिमध्ये धर्म निरपेक्षता पनि एक मानिन्छ । यद्यपि केही राजनीतिक घटनालाई जोडेर अहिले धर्म निरपेक्षता वा सापेक्षता भन्ने विषयको बहस पुनः बौरिँदै गरेको देखिन्छ । संसद्का सदस्य, सरकारमा सहभागी केही मन्त्रीहरूलगायत प्रधानमन्त्रीबाटै पनि विरोधाभाषपूर्ण गतिविधि भएको समचार सुनिन्छ । आफूलाई स्थापित, ठूलो र पुरानो दल मान्ने काँग्रेसका समेत केही नेताहरू यदाकदा यी विषयमा नागरिकबीच जानुपर्ने बताउँछन् । केही विश्लेषकहरू भने जनआन्दोलन ६२-६३ मा यस्तो माग नभएको र आन्दोलनको एजेन्डासमेत नभएको दाबी राख्छन् ।

कुनै बेला धर्मको चर्को आलोचना गर्दै सकेको उछितो काढ्ने नेतामा पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई पनि गनिन्थे । अलिक पहिले उनले समेत नेपाललाई हिन्दु राष्ट्र बनाउने बारेमा सोच्न सकिने विचार दिएको भन्ने अपुस्ट समचारहरू आएका थिए । केही पहिले एमालेका युवा नेता महेश बस्नेतले धार्मिक विषय समाज अनि संस्कृतिमा राजनीतिभन्दा बढी अन्योन्याश्रित हुन्छ भन्ने तर्क गरे । यसै आधारमा केन्द्रीय कमिटीको बैठकमा यसको समीक्षा गर्न आह्वान गरेको कुराले सामाजिक सञ्जालमा बाक्लै र तुलनात्मक रूपमा सकरात्मक प्रतिक्रिया पाएको थियो । संविधानको निर्माणको क्रममा प्रस्तावित मस्यौदामाथि आम छलफल हुने समयमा अधिकांश नागरिकबाट यस्तो सघन माग आएको थियो । हिन्दु धर्मलाई मुख्य एजेन्डा बनाएको पार्टी राप्रपा वर्तमान ससंझा एक निर्णायक घटक छ । उसले राजनीतिमा समेत राम्रै छलाङ मारेको छ । यी आधारमा अहिले प्रश्न उठ्दैछ के नेपाल फेरि हिन्दुराष्ट्र हुन्छ त ? भविष्यमा जस्तोसुकै परिणाम आउन पनि सक्ला । तर सापेक्षता वा निरपेक्षतालाई प्राथमिकतामा राखेर भइरहेका सबै बहस र विश्लेषणमा उत्तिकै सबल तर परस्पर विपरीत दलील प्रशस्तै छन् ।

विश्वका लगभग ८० देश संवैधानिक हिसाबले धर्म निरपेक्ष छन् । उति नै सङ्ख्यामा धर्म सापेक्ष देशसमेत छन् । लगभग दुई दर्जन देशले आफूलाई कुनै कित्तामा देखाएका छैनन् । इराक, इरान, अफगानस्थान र मदगास्कर जस्ता देश पहिले धर्म निरपेक्ष भएर पनि फेरि सापेक्ष घोषित भएका छन् । तसर्थ निरपेक्षता-सापेक्षता कुनै अलौकिक र अपराजयी गुण होइनन् । वस्तुगत आवश्यकताको आधारमा सम्बन्धित देशले निर्णय लिने विषय हो । अहिले पनि अमेरिकामा राष्ट्रपति हुन क्रिस्चियन प्रोटेस्टियन नै हुनु पर्छ । बेलायतकी महारानी क्याथोलिक धर्मकी संरक्षक थिइन् । अस्ट्रेलियाले संविधानमै आफूलाई क्रिस्चियन राष्ट्र मान्छ । संसारका थुप्रै देशहरूले आफूलाई सगर्व इस्लाम भनेर चिनाउछँन् । यसरी हेर्दा धर्म एक प्रकारको स्थायी परिचय भएको देखिन्छ । जसको क्षणिक तथा उत्तेजनात्मक अदलबदलले विशाल बिग्रह ल्याउन सक्छ ।

सिद्धान्तत धर्म निरपेक्षताले मानिसलाई धार्मिक कट्टरता र अन्य समुदायप्रतिको अनुदारभावबाट पर राख्ने आशा गरिन्छ । तर 'सेकुलराइजेसन् इन अमेरिका' नामक अनुसन्धानात्मक कृतिका लेखक इङ्गुलर हार्टस भन्छन् धर्म निरपेक्षताको अवस्थाले नागरिकलाई झन् बढी धार्मिक बनाउँछ । धर्म निरपेक्षतामा आपसी मतभेद बढ्छ । मिलेर बसेका धार्मिक समुदायमा प्रतिस्पर्धी भावनाको बिजारोपण हुन्छ । अन्य समुदायको जति नै सबल र प्रचारित हिसाबले धर्मको प्रयोग कसरी गर्ने भन्ने होडबाजी हुन्छ । अरू समुदायमा हुने धार्मिक गतिविधिका सघनताले कतै आफ्नो धर्मलाई ओझेलमा पार्ने त हैन भन्ने सङ्कोच जन्मन्छ । मिलेर बस्नेभन्दा कसरी आफ्नो धर्मलाई सबल देखाउने भन्ने मनोदशाले डोहोऱ्याँछ । दशैभन्दा क्रिसमससमा किन बढी तडक, भडक नगर्ने भन्ने भावना आउँछ । बुद्ध पूर्णिमाभन्दा कसरी इदुल फित्तरको बढी सशक्त प्रचारप्रसार गर्ने भन्ने सोच जन्मन्छ । पशुपतिमा हिन्दुले मात्रै किन प्रवेश पाउने, आर्यघाटकै समीपमा क्रिस्चियन समूहले मृत शरीर राख्न किन नपाउने जस्ता विवाद आउँछन् । सबै समुदायलाई अरूले गर्दा आफ्नो धर्ममाथि सङ्कट र विनाश आउन लागेको भ्रम पर्छ । धर्ममा आफ्नो परिचय देख्न थाल्छन् । समाजमा अन्य समुदायका मानिसप्रति सहानुभूति र सामीप्यताभन्दा सर्तकर्ता बढी हुन्छ । एकअर्कालाई आत्मीय मित्रवत् समूहभन्दा प्रतिस्पर्धी समूहको रूपमा बुझिन्छ । धर्म संरक्षणका नाममा जडसूत्रवाद र कट्टरता बढ्न सक्छ । धार्मिक भड्काव तथा द्वन्द्व निम्तिन सक्छ ।

कुनै खास विवाद नभए समाजबाट धार्मिक आस्था र भावना स्वतः हराउँछ । राजधानी त्यस्तो ठाउँ हो, जहाँबाट कुनै बेला हिन्दु धर्मको वकालत गर्ने कमल थापाले सबैभन्दा धेरै भोट ल्याए । अनि त्यहीँका मानिस दसैँतिहारभन्दा बढी हर्षोल्लाससाथ क्रिसमस र अङ्ग्रेजी पात्रोको नयाँ वर्ष मनाउँछन् । तर जब नियोजित हिसाबले धर्म निरपेक्षता भनियो तब उनीहरू सशङ्कित भएका हुन् । पहिचान मेटिने सम्भावनाका कारण धार्मिक मान्यताको सघन अभ्यास र प्रचार गर्न लालयित हुँदै छन् । कुनै निर्णय नलिएको भए सायद केही दशकमा आफैँ धार्मिक चेतना हराउथ्यो होला, अब झन् सघन बन्दैछ ।

**झन् सघन सोच**

धर्म निरपेक्षताको विषय नेपालमा दीर्घकालीन झगडाको बीउ रोप्न चाहानेले ल्याए । बहुदलीय प्रजातन्त्रको पुनर्स्थापनासँगै २०४७ आसपास सामाजिक विग्रह निकै उच्च थियो । बिहेवारी, धर्मकर्म, जन्ति, मलामीमा समेत सहभागीहरूको राजनीतिक पार्टी मिले नमिलेको हेरिन्थ्यो । राजनीतिक आस्था र दलीय सहभागिताका आधारमा कलह तथा भेदभाव गरिन्थ्यो । अहिले नागरिकलाई राजनीतिक आस्था सामान्य लाग्न थालेको छ । नेताहरू चाहिँ खाने र फाइदा लिने बेलामा मिलिहाल्छन्, जनता किन लड्ने भन्ने भावना विकसित भएको छ । पछिल्लो सरकारको भाँडभौलोले पनि यसलाई प्रस्ट पारेको छ । राजनीतिक विचारको विविधताको आधारमा अनावश्यक लडाइँ झगडाको स्थितिको अन्त्य भयो । तब समाजमा गलत चिन्तन र भड्काव ल्याउने अर्को पक्ष धर्मको नाममा आएको छ । यो नागरिकलाई विभाजित गर्ने एक सुनियोजित षडयन्त्र हो । हामी चाहिनेभन्दा बढी नै विभाजित हुँदैछौँ । लाहोरमा फागु पूर्णिमामा बिदा दिइन्छ । कुनै वर्ष अमेरिकाका पूर्वराष्ट्रप्रति ओबामाले भाइटीका लगाए । विदेशस्थित नियोगका मानिसहरूले विजया दशमीको टीका लगाएका छन् । कुनै समय बेलायती पूर्वप्रधानमन्त्री टेरेसा मेले शिवको मन्दिरमा नेपाली पोसाकसहित पूजा गरेको समाचार बाहिरिएका थिए । हाम्रैमा पनि आफूलाई हिन्दु भन्नेहरू बुद्धपूर्णिमा अनि क्रिसमस पनि उत्तिकै धुमधाम रूपमा मनाउँछन् । तर क्रिसमस मनाउने चाहिँ दसैँ तिहारको कटाक्ष गर्नेमा व्यस्त छौँ । धर्मको नाममा उच्च कट्टर बन्दै छौँ, सोच नै त्यस्तो हैन तर सुनियोजित षडयन्त्रका रूपमा कतैबाट फसाइँदैछ र हामी त्यसमा फस्दै छौँ ।

सांस्कृतिक परिवर्तन सहजै सम्भव छैन । कानुनमा लेखेर मात्र हुँदैन । मन्दिरभित्र सँगुर पसाउनेहरू अहिले भैँसी पुजा गर्छन् । संस्कृतिको हुज्जत गर्नेहरू स्वयं दसैँ मनाउँछन् । बुर्जुवा शिक्षा भन्दै जनताका छोराछोरीलाई विद्यालयबाटै बन्दुक बोक्न पठाएकाहरूले आफ्ना छोराछोरीलाई दूतावासमा भनसुन गरीकन विदेशका राम्रा विश्वविद्यालयहरूमा अध्ययन गराउँछन् । अरूका कुकर्म खोल्ने र जेल पठाउने हुङ्कार गर्ने नेताहरू आफ्नै अनगन्ती काण्डमा फस्दैछन् । धर्म पनि यस्तै मनोवैज्ञानिक विषय हो, जसमा जर्बजस्त परिवर्तन सम्भव हुँदैन ।

धर्म कुनै उपलिब्धको मापक हैन । धर्म विशेषलाई राज्यले प्राथमिकतामा पारेको छैन । संस्कृतलाई केही समय संरक्षण गरेको आर्यजनको प्राचीन भाषा भएर हैन । पूर्वीय जगतमा ज्ञानका उच्च दर्शनहरू तत्कालीन समयमा संस्कृतमा लेखिएका थिए । बौद्ध दर्शनसँग सम्बन्धित पाली भाषामा लेखिएका कुरालाई पनि राज्यबाट उत्तिकै संरक्षण प्रदान गरिएको छ । बौद्ध विश्वविद्यालयसमेत खुलेको छ । बुद्धप्रति हिन्दुहरूको असिम र अपार आस्था छ । जर्मनीमा धेरै संस्कृत विश्वविद्यालयहरू छन् । प्राचीन दार्शनिक कौटिल्यको तत्कालीन अर्थशास्त्र

बाँकी पाँच पृष्ठमा

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.) General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# स्वास्थ्यकर्मीको लागि संघीयता अभिशाप !

गजेन्द्र विष्ट

नेपालमा स्वास्थ्यको संरचना ग्रामिणस्तर सम्म पुगेको शताब्दि भैसकेको छ । कुनैबेला सरकारको उपस्थिति थियो भने त्यहाँ स्वास्थ्यसंस्था मात्र थियो वा स्वास्थ्यकर्मी मात्र थिए । सत्ताको लागि लडाइँ या परिवर्तनको लागि यात जनताका अधिकारको लागि जेसुकै भने पनि हरेक कालखण्डमा नेपालमा थुप्रै आन्दोलन भए । जति जति बेला आन्दोलन भए त्यतिबेला हामिले नेपालको स्वास्थ्य प्रणाली एकछिन पछाडी फर्केर हेर्ने हो भने सुरुदेखि दुर्गम जिल्लाको ग्रामीण भेगमा सरकारी कार्यालयको नाममा एउटामात्र कार्यालय भेटिन्थ्यो ।

त्यो हो उपस्वास्थचौकी वा स्वास्थ्यचौकी खोप क्लिनिक वा गाउँघर क्लिनिक । यसको मतलब स्वस्थ्य संस्थामात्र थियो भन्न सकियो । राणाकालमा होस वा पञ्चायतकाल, बहुदलिय प्रजातान्त्रिक व्यवस्था वा गणतन्त्रको लागि यी सबै परिवर्तनका लागि जतिपनि आन्दोलन भए सबैको चपेटामा स्वास्थ्य र शिक्षा क्षेत्र परे । र हेर्दै जाँदा धेरै जसो आन्दोलनहरुमा शिक्षण संस्था बन्द भए तर स्वास्थ्य संस्थाले मनोवैज्ञानिक त्रासका बीच पनि सेवा दिनुपर्ने बाध्यत्मक परिस्थिति सृजना भयो । सायद यो पुरानै नारा हो र सबै कालखण्डको सबैको लागि जनता झुक्याउने उत्कृष्ट नारा राणाकालदेखि अहिलेसम्म एउटै छ । "स्वास्थ्य र शिक्षाको गारेन्टी गर" राणाकालिन संविधान,पञ्चायतकालको संविधान, बहुदलीय प्रजातान्त्रिक व्यवस्था २०४७ को संविधान र लोकतान्त्रिक गणतन्त्र नेपालको २०७२ को संविधानमा स्वास्थ्यलाई सबैभन्दा प्राथमिकतामा नै राखेको देखिन्छ ।

दुर्भाग्य यी सबै कालखण्डमा स्वास्थ्यसम्बन्धी यति राम्रो ऐन कानुन र अधिकार मौलिक हक संविधानहरुमा उल्लेख हुँदाहुँदै पनि गरिब,अशक्त र भौगोलिक बिकटता दुरदराजका जनताले कहिले पनि भने जस्तो स्वास्थ्य सेवा नपाउनुमा हामी सबै दोषीको भागिदार छौं । स्वास्थ्य सेवालाई विशिष्ट सेवामा परिभाषित गरेपनी कार्यान्वयन गर्ने ठाउँमा स्वास्थ्य बिधा भन्दा फरक व्यक्तिको हालीमुहाली भएको कारणले जनताले अहिलेसम्म स्वास्थ जस्तो संवेदनशिल सेवाबाट बन्चित रहनु परेकाको छ । जुनसुकै बेला पनि जनतालाई नारा एउटा दिने सत्तामा पुगेपछि स्वास्थ्य सेवालाई कारिन्दाको रूपमा देख्ने प्रवृत्ति रहिआएको छ । अथवा देखाउने दाँत एउटा खाने अर्को प्रवृत्तिका कारणले स्वास्थ्य सेवा प्रभावमा परेको छ । नीति निर्माता र कार्यान्वयन गर्ने तहका उच्च व्यक्तिहरुमा भिन्न बिधाका इच्छापुर्ती गर्ने मनोरोग जिवित रहेको कारणले स्वास्थ्य क्षेत्रमा आमूल परिवर्तन गर्ने साहास न कुनै व्यक्तिमा भेटियो न त हालसम्म स्वास्थ्य मन्त्रालयले त्यस्तो गतिलो व्यक्ति पायो । यो नै स्वास्थ्यको ठूलो समस्याको जड बन्यो र अहिलेसम्म यो निरन्तर चलिरहेको छ । स्वास्थ्यकर्मीलाई फनफनी घुमाउने प्रशासनिक क्षेत्रको त पुरानै चलन हो । यो प्रवृत्ति अहिले मजबुत भएको छ ।

तपाईं हाम्रो भोगाइ प्रजातान्त्रिक व्यवस्थाको सबैभन्दा कलन्कको रूपमा २० वर्षसम्म देशभरीका साविक गाउँ विकास समिति जनप्रतिनिधिबिहिन भए त्यो संक्रमणकालिन अवस्थामा गाउँमा स्वास्थ्य सेवामा खटिएका स्वास्थ्यकर्मीहरुलाई दोहोरो जिम्मेवारीका साथ गाउँ विकास समितिको बजेट कार्यान्वयन गर्ने साक्षीको रुपमा सदस्य रहने गरि मनोनयन गरियो । खानेपिने रामे चोट पाउने च्यामे भने जस्तो भयो स्वास्थ्यकर्मीका लागि त्यो २० वर्षे संक्रमणकाल । गणतन्त्रका लागि देशमा ठूलै आन्दोलन भयो । दश वर्षे जनयुद्ध सुरु भयो । सरकारले स्वास्थ र शिक्षाको सुनिश्चितता गर्न नसकेको नारा जनतासम्म घन्काएर आन्दोलनकारीहरुले प्रशिक्षण गर्न थाले र स्वास्थ्यकर्मीलाई समेत प्रयोग गर्न थालियो । स्वयं म लगायत देशभरिका स्वास्थ्यकर्मी साथीहरू पनि दुइटै (राज्य र बिद्रोहि) बाट मारमा पर्‍यौं । मनोवैज्ञानिक त्रासकाबीच राज्यपक्ष र बिद्रोही पक्ष सबैका कामकारबाहीसहित स्वास्थ सेवा खटाएकै स्थानबाट दिइरहे । गाउँगाउँबाट सबै सरकारी अड्डा बिस्तारै सुरुक्षाको निहुँमा बिस्थापित भए ।

सबै सरकारी कार्यालय र उच्च पदाधिकारीहरु शहर र सदरमुकाम केन्द्रित भए तर स्वास्थ्यकर्मीले ज्यानको कुनै सुरुक्षा नभएको बेला पनि आफ्नो स्वास्थ्य संस्था छोडेनन र राज्यको उपस्थिति देखाए । खोप,आमा सुरुक्षा,प्रजनन स्वास्थ्य लगायत आकस्मिक सेवाहरुको निरन्तरता दिइरहे । गुणस्तरीय स्वास्थ्य सेवा दिनको लागि उपकरणको अभावको बीच पनि द्वन्द्वकालमा घाइतेको उपचारमा रातदिन खटिए । राज्यले उपचारमा खटिएका कैयौं स्वास्थ्यकर्मीहरुलाई आतंककारीको ट्याग लगायो भने बिद्रोही पक्षहरूले सुराकीको ट्याग लगाएर चन्दा असुले तर पनि स्वास्थ्यकर्मी साथीहरूले स्वास्थ्य सेवा दिइरहे । बालबालिकालाईलाई खोप लगाउने कार्य बन्द गरेनन् ।

झन पोलियो उल्मुलन, दादुरा निवारण क्षयरोग नियन्त्रण, कुष्ठ रोग नियन्त्रण जस्ता रोगहरुको लक्ष्य अनरुपका क्रियाकलाप गरिरहे । जसको परिणाम स्वरूप उतिबेलाको स्वास्थ्य सेवाको निरन्तरताले सहस्राब्दि लक्ष्यमा पुग्न सम्भव भयो । नत्र आज दातृ राष्ट्का सामुन्ने सहयोगको अपेक्षा गर्न र स्वास्थ्य क्षेत्रको प्रस्तुतीकरण गर्न लाज हुन्थ्यो र पछुतो गर्नु बाहेक केही हुने थिएन । दशवर्षे जनयुद्ध र द्वन्द्वकालमा यदी बहाना गर्न चाहेको भए स्वास्थ्यकर्मीहरुले अरुको जस्तै सुरुक्षाको कारण देखाएर भाग्न पनि सक्थ्ये तर आफ्नो सेवाको मर्मबाट बिचलन नभई ज्यान जोखिममा राखेर पनि सेवा दिए । हेक्का रहोस् स्वास्थ्य सेवामा निःशुल्क सेवा दिन ५१ हजार स्वास्थ्य स्वयंसेविका परिचालन तथा कृयाशिल बनाउने पनि स्वास्थ्यकर्मी नै हुन् । सेवाको अडिट गर्ने हो भने राज्यको ठूलो व्ययभार घटेकोछ । संसारका देशहरू चकित परेका छन् यति ठूलो जनशक्ति स्वयम्सेवक कसरी निःशुल्क परिचालन र क्रियाशिल छन् भनेर । यति ठूलो स्वयंमसेवक टोली स्वास्थ्यकर्मीहरुले परिचालन र क्रियाशिल नगरेकको भए र आफूले नखटिएको भए मातृ मृत्यु, बाल मृत्यु र शिशु मृत्यु घट्ने थिएन ।

फलस्वरुप विश्वसामु स्वास्थ्य क्षेत्रमा नेपालले हासिल गरेका उपलब्धी प्रस्तुतीकरण गर्ने स्थिति आयो । त्यतिबेलाको सरकारले बजेट नभए पनि बुद्धि पुर्‍याएर एक किसिमको हौसला दियो र प्रोत्साहित गरियो र आफ्नो काम सजिलै गरायो एउटा माहोल सृजना गरिदियो । भनेजस्तो सेवा सुविधा दिन नसके पनि अहिलेको पालिकाले जस्तो स्वास्थ्यकर्मीहरुको आफ्नो व्यवस्था आफैं गर भनेर हाजिरीमा रातो लाउने काम गरेन । ढुक्कसँग काम गर्ने वातावरण बनाइदियो । अहिलेकाहरुलाई के थाहा आफ्नो व्यवस्था आफैं गर भनेर हजिरीमा रातो लगाउनेहरुलाई तिनै स्वास्थ्यकर्मीले खोप लगाएका हुन् ।

कोभिड १९ ले विश्वलाई नै बेहाल बनायो । विकसित देशहरुले कल्पना गर्न थाले हाम्रोजस्तो देशको यस्तो हालत भयो तर नेपाल जस्तो गरिब देशको के हालत होला र त्यहाँका स्वास्थ्यकर्मीको के अवस्था होला भनेर । तर परिणाम कल्पना गरे जस्तो भएन विश्वसामु नेपालको चुनौतीपूर्ण अवस्थालाई नजरअन्दाज गरेर सबै स्वास्थ्यकर्मीहरु आफ्नो घरपरिवारलाई बेवास्ता गरेर महामारीमा होमिए । सबै घरमा लुकेर बसे तर स्वास्थ्यकर्मी २४ सै घन्टा महमारीसित जुधीरहे । कैयौं स्वस्थ्यकर्मीले ज्यान गुमाए र जसको फलस्वरुप महामारी नियन्त्रणमा आयो तर बिड्म्बना स्वास्थ्यकर्मीले काम गर्ने हौसला पाउनुको सट्टामा घरबेटीले कोठा नदिने, घरपरिवारले घर पस्न नदिने, छिमेकीले बाटो छेक्ने जस्ता बिभेद र तिरिस्कारको सामना पनि ब्यहोर्नु पर्‍यो । हुँदाहुँदा उपचारको क्रममा सेतो ड्रेसमा पुलिसको कुटाइ पनि स्वास्थ्यकर्मीले नै ब्यहोर्नुपर्‍यो । मेरो देश एक चोटि सम्झन्छु ।

मन्त्रालयमा बसेर नीति निर्माण गर्नेप्रति नमन छ । तिनै स्वास्थ्यकर्मीले जोखिम भत्ता पाउनको लागि आन्दोलन पनि गरे । राज्य यति अन्धो छ कि उपलब्धीहरु केही देख्दैन । स्वास्थ्यकर्मीलाई पिडा मात्र छ । जतिबेला देश संघीयतामा गएर राज्य पुनःसरचना भयो अनि गाउँपालिका बने

बाँकी चार पृष्ठमा





अनुरोधकर्ता
तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी

## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. विद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुर्‍याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने ।

आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२

जनहीतका लागि जारि सन्देश : रुपनी गाउँपालिका, सप्तरी

# जसपाद्वारा आठै जिल्लाका इन्चार्ज र सहइन्चार्ज तोकिए

**काठमाडौं**/जनता समाजवादी पार्टी (जसपा) नेपालले मधेस प्रदेश समितिका आठ जिल्लामा इन्चार्ज र सहइन्चार्ज तोकेको छ।

सप्तरीको इन्चार्जमा बादलप्रसाद यादव र सहइन्चार्ज छेदी यादव, सिरहाको इन्चार्जमा कौशलेन्द्र यादव र सहइन्चार्जमा विष्णुकुमार साह, धनुषाको इन्चार्जमा राजनारायण यादव र सहइन्चार्जमा शैलेन्द्रकुमार यादव, महोत्तरीको इन्चार्जमा अशोककुमार यादव र सहइन्चार्जमा राजिवकुमार यादवलाई तोकिएको छ।

यसैगरी सर्लाहीको इन्चार्जमा रामआशिष यादव र सहइन्चार्जमा सञ्चमाया मोक्तान, रौतहटको इन्चार्जमा चन्देश्वर महतो र सहइन्चार्जमा राजकुमार दास, बाराको इन्चार्जमा सिहासन कलवार र सहइन्चार्जमा सोहन शर्मा तथा पर्साको इन्चार्जमा अवधभूषण यादव र सहइन्चार्जमा दीपक यादव रहेका छन्।

# करेन्ट लागेर बृद्धको मृत्यु

**राजविराज**/सप्तरीको रुपनी गाउँपालिकामा गत आइतबार करेन्ट लागेर एक बृद्धको मृत्यु भएको छ।

वडा नं. २ हरिरहवा बस्ने ६५ वर्षिय राजेन्द्र प्रसाद चौधरीको खेतमा मोटरबाट पानी पटाउने क्रममा करेन्ट लागेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

प्रहरीका अनुसार चौधरीको आफ्नो धान खेतमा मोटरबाट पानी पटाउने क्रममा अचानक करेन्ट लागेर मृत्यु भएको हो। घटनाको खबर पाए लगत्तै इलाका प्रहरी कार्यालय रुपनीबाट गएको प्रहरी टोलीले आवश्यक प्रक्रिया पुऱ्याएर घटना सम्बन्धी थपअनुसन्धान गरिरहेको जनाएको छ।

## *स्वास्थ्यकर्मीको ...*

नगरपालिका बने प्रदेश बने र सोही अनुसारको कार्यालय स्थापना भए। कर्मचारी समायोजन भयो तर कर्मचारीलेको समायोजनमा स्वास्थ्य बाहेकका निजामती सबै कर्मचारीलाई स्थानीय तहमा समायोजन मिलान गर्दा एक तह स्तरबृदि गरेर समायोजन गर्ने निर्णय भयो। तर स्वास्थ्यकर्मीलाई तहगत प्रणालीमा पहिले नै गएको कारणलाई बहाना बनाएर जहाँ मन लाग्यो त्यहाँ जे मन लाग्यो त्यो पद जे मन लाग्यो त्यो श्रेणी दिएर अन्धाधुन्ध समायोजना गरियो। यति ठूलो विभेद भयो र त्यो निजामतीको नियम लागु भएन तालुकदार मन्त्रालय टुलुटुलु हेरिरह। स्वास्थ्यकर्मीका लागि संघीयता अभिशाप भयो। नेपालमा स्वास्थ्य सेवामा गुणस्तर सुधार कसरी हुन्छ? अर्को काहानि सुरु भएकोछ समायोजनको आजभोलिको चलन चल्तीमा "दरबन्दी छैन तलब दिन सकिदैन" यो थेगो स्वास्थ्यमा मात्र लागू भएको छ। गाउँपालिका, नगरपालिका उपमहानगरपालिका महानगरपालिका दोहोरो सहमतीमा समायोजन मिलान वा कामकाजमा गएका स्वास्थ्यकर्मीको बिचल्ली बनाएको छ। संघीयताले स्वास्थ्यकर्मीहरुलाई रुनु न हास्नु बनाएको छ।

स्वास्थ्य मन्त्रालयल मस्त निद्रामा छ र घुमाउरो पारामा आफ्नै मन्त्रालय अन्तर्गत दरबन्दीअनुसार संघीय लोकसेवा पास गरेर निजामती किताबखानामा दरबन्दीअनुसार कर्मचारी संकेत नम्बर दर्ता भएका कर्मचारीको दरबन्दी छैन तलब दिन सक्दैनौ भन्दा एउटा चिठ्ठी समेत नलेखी तालुकदार मन्त्रालय टुलुटुलु हेरिरहन्छ। अब बिचार र अनुमान गर्नुहोस स्वास्थ्य क्षेत्रको एसडीजी लक्ष्य सजिलै हासिल हुन्छ? डोजर चलाउनु मात्र विकास देख्नेहरुसित त के बहस गर्नु जस्ले स्वास्थ्य स्थानीय तह्को एकल अधिकारहो भन्ने पढ्न समय भ्याएको छैनन्। उनीहरुलाई भन् त्यो बारेमा सिकाउन थाल्यो भने तलब भत्ता रोकिएला भन्ने डर छ। तर एउटा कुरा डोजर चलाए तुरुन्तै प्रगति देखिन्छ, खोप चलाए तुरुन्तै प्रगति देखिदैन भन्ने कुरा उनीहरुले बुझेका छन्। पालिकामा अरुको लागि तलब छ तर बिड्म्बना स्वास्थ्यकर्मीको लागि मात्र तलब छैन। दरबन्दी निहुँमात्र हो बिना दरबन्दीकालाई दरबन्दी बनाएर वा करारमा भर्ना गर्ने बाटो खुला छ। स्वास्थ्यको लगानी छिट्टै नदेखिने कुरा सत्य पनि हो।

उनीहरुले ५ वर्षभित्र प्रगति देखाउनुपर्ने छ रातारात भाइरल हुनुछ। जनताले आधारभुत स्वास्थ्य सेवा पाएको छैनन्। अहिलेसम्म दादुरा खोप नपाएर दादुरा फैलिएको छ। महामारीको दैनिक स्वरुप परिवर्तन भएको छ। आँखा पाक्ने रोगले जनता आक्रान्त छन्। डेंगु रोगले दिनहुँ नागरिक मरिरहेका छन्। कुनैकुनै स्थानीय सरकार भने पालिकामा रहेका अनुभवी दक्ष स्वास्थ्यकर्मीलाई प्रशासन सहितको धरपकड शैलीमा मानसिक यातना दिने कार्य भएको छ। स्वास्थ्यकर्मीको काम गर्ने स्थानको निश्चित छैन।

अर्कोतिर जनता आधारभुत स्वास्थ्य सेवाबाट बन्चित छन भने स्वास्थ्य सेवा खरिद गर्न सक्ने उपल्लो वर्गको लागि विशेषज्ञ स्वास्थ्य सेवा पहुँचमा छ गरिब जनता त्यो सेवाको पहुँच र उपभोगबाट बन्चित छन्। सरुवाको व्यवस्था छैन, सहमति दिने चान्स छैन, बढुवाको बाटो खुला छैन,काम गर्ने स्थान छैन, दरबन्दीको ठेगान छैन। तलब आठ महिनासम्म अत्तोपत्तो छैन, ३९ वर्ष सेवा गरेकालाई पेन्सन पाउने आशा छैन। त्यसैले स्वास्थ्यकर्मीहरुको लागि संघीयता अभिशाप भएको छ। स्वास्थ्य खबरबाट

# चिनिया राजदुतलाई फिर्ता पठाउ : लोसपा

**राजविराज**/लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल सप्तरीले चिनिया राजदुतलाई फिर्ता पठाउन माँग गरेको छ।

लोसपा नेपाल सप्तरीका अध्यक्ष सुनिल कुमार झाद्वारा शुक्रबार जारि विज्ञप्तिमा नेपालको आन्तरिक मामिलामा चिनिया राजदुतले दिएको अभिव्यक्तिप्रति निन्दा एवं भर्त्सना गर्दै राजदुतलाई फिर्ता पठाउन माग गरिएको हो।

जारि विज्ञप्तिमा नेपाल सरकारले छिमेकी मित्र राष्ट्र भारतलाई विद्युत बिक्रि गर्ने सन्दर्भमा चिनिया राजदुतले दिएको अभिव्यक्तिप्रति निन्दा एवं भर्त्सना समेत गरिएको छ।

नेपालको आन्तरिक मामिलामा चाइनालाई हस्तक्षेप नगर्न सुझावका साथ चाइनिज हस्तक्षेप तथा राष्ट्रिय स्वाधिनता माथिको प्रहार बन्द गर्न, कुटनीतिक मर्यादा कायम गर्न, राजदुतलाई राजनीति नगर्न विज्ञप्ति मार्फत माग गरिएको छ।

साथै विज्ञप्तिमा भारत सरकारले आफ्नो मन्त्रि परिषद्को बैठकबाट १० हजार मेघावाट विद्युत नेपाल सरकारबाट खरीद गर्ने गरेको निर्णय स्वागत योग्य रहेको उल्लेख गरेको छ।

# खोला किनारमा दुई शव फेला

**राजविराज**/सप्तरीको कंचनरुप नगरपालिकास्थित सुन्दरी खोला किनारमा दुई दिनको अवधीमा दुई शव फेला परेको छ।

वडा नं. ११ स्थित सुन्दरी खोलाको किनारको बगरमा बिहीबार शरिरमा कुनै कपडा नभएको अबस्थामा एक शव फेला परेको प्रहरीले जनाएको छ।

नाम, थर, वतन नखुलेको तराईबासी जस्तो देखिने अन्दाजी २० वर्षको पुरुष मृत अवस्थामा फेला परेपछि स्थानियले प्रहरीलाई खबर गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

यसअघि सोही नदी किनारमा बिहीबार कंचनरुप नगरपालिका वडा नं. ७ का २२ वर्षिय राहुल चौधरीको शव पूर्ण नग्न अवस्थामा भेटिएको थियो।

उनी बिहान ९ बजेतिर बजारमा केही काम रहेको भन्दै घरबाट निस्केका थिए। वडाअध्यक्ष रामसुन्दर यादवले नग्न अवस्थामा फेला परेको चौधरीको मृत शरीरमा चोटपटक तथा बालुवामा घिसारिएको अवस्थामा देखेपछि स्थानीयले प्रहरीलाई खबर गरेको बताए। दुबै घटना बारे अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# मुश्लिम संघको जिल्ला समिति चयन

**राजविराज**/नेपाल मुश्लिम संघ सप्तरीको जिल्ला कार्य समिति शुक्रबार सर्वसम्मतले चयन भएको छ।

नेपाली काँग्रेस निकट उक्त समितिको सभापतिमा मोहम्मद जिब्रिल सर्वसम्मत चयन भएका छन्। यस्तै समितिको उपसभापतिमा मो.इस्माइल, सचिवमा मो. रजा अंसारी, सहसचिवमा इस्माइल मंसुरी, कोषाध्यक्षमा मो. जिब्रिल र सहकोषाध्यक्षमा मो. जाकिर हुसैनलाई चयन गरिएको छ।

त्यस्तै महिला सदस्यहरुमा अमिना खातुन, जोहरा खातुन र रुकसना खातुन तथा पुरुष सदस्यहरुमा मो. जलिम, मो. सहादुन मंसुरी, अध्यक्ष अंसारी, डा. अताबुल, मो. मुर्तजा र करामत मंसुरी चयन भएका छन्।

यस्तै हसमुदिन शेख, मो. जाकिर हुसैन, मो. उस्मान, सुलेमान मिया, मो. बलिद र मो. इमरानलाई सदस्यमा मनोनित गरिएको छ।

नेपाली काँग्रेस सप्तरी जिल्ला सभापति रामदेव साह, सचिव सनत मण्डल, यसुफ राइन, करिम शेख, नेपाल मुश्लिम संघका केन्द्रिय सचिव इर्शाद अन्सारी लगायतको उपस्थितिमा सो समिति सर्वसम्मत चयन गरिएको जनाइएको छ।

# साइबर क्राइम

**पृष्ठभूमी**

बर्तमान समय सामाजिक संजालको युग हो। फेसबुक, मेसेन्जर, ह्वाटसएप, भाइबर, ट्वीटर, इमोजस्ता सामाजिक संजालको प्रयोग व्यक्तिले गरिरहेका छन्। सामाजिक संजालले प्रयोगकर्तालाई सहज बनाएको छ। मानिस जुनसुकै देश र स्थानमा रहेपनि प्रत्यक्ष झैं कुराकानी गर्न पाएका छन्। तर, सामाजिक संजालले जति सहजता उत्पन्न भएको छ, त्यत्ति नै यसको दुरुपयोग गरेर अपराध कर्म पनि हुन थालेको छ। जसलाई साइबर अपराध भनिन्छ।

अन्य अपराधभन्दा यसको प्रकृति र शैली बिलकुल फरक छ भने यसको प्रभाव पनि शक्तिशाली र आम रूपमा हुन्छ। विद्युतीय प्रविधिको गलत प्रयोगले निम्त्याउने यो अपराध अन्य अपराधभन्दा भिन्न शैलीको छ। इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, इन्टरनेट फ्रड (धोकाधडी), अर्काको पहिचान अनाधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा एकाउन्ट आदिको चोरी गरी गरिने बैंकिक कसुर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुऱ्याइने क्षतिलगायत अवैधानिक कार्यलाई पनि विश्वका अधिकांश मुलुकका कानुनले साइबर अपराध मानेको छ।

कम्प्युटर, मोबाइल र इन्टरनेटको प्रयोगमार्फतफेक आइडी बनाउने, सामाजिक सञ्जाल प्रयोग गरी गाली गर्ने, वेभसाइट ह्याक गर्ने, फोटो इडिट गरी स्वरूप परिवर्तन गर्ने, अश्लील फोटो/भिडियो पठाउने, सञ्जालमार्फत जिस्काउने, अपमान गर्ने,कल बाइपास, गैह्र कानूनी इमेल, एसएमएस धम्कीदिने जस्ता कार्य नै साइबर अपराध (क्राइम) हो। त्यस्तै इन्टरनेटको प्रयोग गरी गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, धोकाधडी, क्रेडिट कार्ड तथा एकाउन्ट चोरी, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्याउने क्षति लगायत अवैधानिक कार्यलाई पनि साइबर अपराध मानिन्छ।

**कहाँ र कसरी गर्ने उजुरी ?**

साइबर क्राइमको उजुरी प्रहरी कार्यालयमा दिन सकिन्छ। यद्यपी अपराधका विषयमा उजुरी दिन प्रहरी कार्यालयमै पुग्नुपर्ने व्यवस्था भएपनि साइबर अपराधबारे उजुरी दिन कार्यालयमै पुग्नुपर्छ भन्ने छैन। प्रहरीमा अनलाईनमार्फत् पनि उजुरी वा निवेदन दिन सकिने व्यवस्था गरिएको छ। त्यसको लागि निवेदन टाइप गरी प्रमाणसहित साइबर ब्युरोको इमेल आइडीमा उजुरी पठाउन सकिन्छ। प्रमाणको रुपमा स्कीन सर्ट, परिचयपत्र, लिंक, भिडियो, अडियो, फोटो लगायत प्रमाण निवेदनसँगै पठाउनुपर्ने हुन्छ। यसबाहेक साइबर ब्युरोले उपलब्ध गराएको फोन नम्बरमा घट्नाको बारेमा जानकारी दिई नाम टिपाएर उजुरी गर्न सकिने हुन्छ।

पहिला अन्य अपराधको जसरी साइबर क्राइममा जुनसुकै जिल्ला अदालतमा मुद्दा दर्ता हुने व्यवस्था थिएन्। काठमाडौं जिल्ला अदालतमा मात्र साइबर क्राइमको मुद्दा दर्ता हुन्थ्यो।

५ असार, २०८० मा बसेको मन्त्रीपरिषद् बैठकले सबै जिल्ला अदालतलाई यस्तो अधिकार दिने निर्णय गरेको छ। विद्युतीय कारोबार ऐन, २०६३ को दफा ६० को उपदफा ५ बमोजिम सोही ऐनको परिच्छेद ९ मा उल्लेख भए बमोजिमका कसुरहरूको शुरू कारबाही र किनारा गर्ने अधिकार सबै जिल्ला अदालतलाई दिइने निर्णय गरेको छ।

**कसरी गरिन्छ यसको अनुसन्धान प्रकृया ?**

उजुरी परेपछि प्रहरीले उपलब्ध प्रमाणका आधारमा सुक्ष्म अनुसन्धान शुरु गर्दछ। प्रहरीले साइबर अपराध अनुसन्धान गर्नकै लागि साइबर ब्युरोको स्थापना गरी डिजिटल फरेन्सिक ल्याब सुधारको प्रयास सुरु गरेको छ। अपराधीले कतै न कतै डिजिटल प्रविधि प्रयोग गरेको हुन्छ भने प्रहरी पनि मोवाइलको लोकेसन, कल डिटेल या सामाजिक सञ्जालका क्रियाकलापको चेकजाँच गरी प्रारम्भिक अनुसन्धान शुरु गर्दछ। आरोपित व्यक्ति संलग्नता देखिए निजलाई पक्राउन गरी थप अनुसन्धान प्रकृया अगाडि बढाउँछ र प्रारम्भिक अनुसन्धान पश्चात सरकारी वकिलको कार्यालय मार्फत अदालतमा साइबर क्राइमको अभियोग दर्ता हुन्छ। अदालतमा अभियुक्तको बयान तथा पीडितको बकपत्र लगायतका बाँकी अनुसन्धान कार्य पुरा गरी अदालतमा फैसला सुनाउने गर्दछ।

**के छ दण्ड सजायको व्यवस्था ?**

नेपालमा विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ प्रयोग गरेर साइबर अपराधको मुद्दा चलाउने गरिएको छ। अपराध पुष्टि भएमा अपराधको प्रकृति हेरी बढीमा तीन लाख रुपैयासम्म जरिवाना र पाँच बर्षसम्म कैद सजायको व्यवस्था गरिएको छ। अपराधको प्रकृति र कसूरको गाम्भिर्यतालाई हेरेर कैद तथा जरिवाना कम बढी गर्ने स्वविवेकिय अधिकार न्यायाधीशमा रहेको हुन्छ। पीडितलाई पुग्न गएको क्षतिलाई विचार गरेर कसूरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराईदिने व्यवस्था पनि कानूनमा गरिएको छ।

**उजुरी गर्ने म्याद कति हुन्छ ?**

साइबर क्राइम सम्बन्धी कसूर ठहर्ने कुनै कार्य भएमा त्यस्तो कसूर भए गरेको थाहा पाएको मितिले पैतीस दिनभित्र उजुरी गरिसक्नुपर्ने हुन्छ।

**निष्कर्ष:**

जुनसुकै अपराधका दोषी उम्किनुहुँदैन्। पछिल्लो समयमा इन्टरनेटको प्रयोग गरी व्यक्तिको चरित्र हत्या गर्नेदेखि ठगी गर्ने, इमेल र बैंक अकाउण्ट ह्या गरी रकम चोर्नेजस्ता अपराध हुन थालेको छ। साइबर क्राइमबाट पीडित जो सुकैले न्याय पाउनुपर्दछ। अर्को कुरा सामाजिक संजालको प्रयोग कसरी गर्ने भन्नेतर्फ सबै प्रयोगकर्तालाई सचेत रहनु जरुरी छ। आफूलाई पर्न गएको मर्काको सम्बन्धमा उजुरी दिई अपराधीलाई कारवाहीको दायरामा ल्याउन जरुरी देखिन्छ।

**जनहितका लागि : छिन्नमस्ता गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय छिन्नमस्ता, सप्तरी**

# प्रदेशसभा सदस्य अनिरुद्ध सिंह यादव कारागार चलान

## प्रदेशसभा सदस्य यादवसहित उनका छोरा मेयर आतेश पनि निलम्बित



निलम्बित प्रदेशसभा सदस्य अनिरुद्ध प्रसाद सिंह यादव र उनका छोरा बोदेबरसाईन नगरपालिकाका निलम्बित मेयर आतेश कुमार सिंह यादव ।

राजविराज/मधेश प्रदेशसभा सदस्य अनिरुद्ध प्रसाद सिंह यादव सोमबार पक्राउ परेपछि मंगलबार जिल्ला अदालत सप्तरीले पूर्पक्षका लागि कारागार पठाउने आदेश दिएको छ ।

सप्तरी जिल्ला अदालतका न्यायाधिश डा. राजेन्द्र कुमार आचार्यको इजलाशले कर्तब्य ज्यान तथा डाका मुद्दामा सुनुवाई गर्दै प्रदेशसभा सदस्य यादवलाई पूर्पक्षका लागि कारागार पठाउने आदेश दिएको हो ।

अघिल्लो दिन राजविराजबाट पक्राउ परेका प्रदेशसभा सदस्य यादवलाई राजविराज कारागार चलान गरिएको प्रहरी उपरिक्षक नरेन्द्र कुमार कार्कीले जानकारी दिएका छन् ।

यसैबीच मधेश प्रदेशको प्रदेश सभा सचिवालयले उनी थुनामुक्त नभएसम्म निलम्बनमा नै रहने एक सूचना मार्फत स्पष्ट पारेको छ ।

२०६४ साल असार ९ गते माओवादी नेता गोबिन्द चौधरीको हत्या घटनामा संलग्न रहेको अभियोगमा सप्तरीको प्रदेशसभा क्षेत्र नं. ४ को २ बाट स्वतन्त्र उम्मेदवार बनी निर्वाचित भएका यादवसहित ९ जना उक्त मुद्दामा आरोपीत थिए । आरोपित मध्ये ८ जनाको फैसला भएपनि उनी माथीको यो मुद्दा मुलतबिमा थियो । त्यती बेलाको आदेशमा यादवलाई पक्राउ गरि मुलतबिमा राखी अनुसन्धान गर्न उल्लेख थियो ।

मृतकका दिदी धनगढी गाविस ३ की रीताकुमारी चौधरीले जिल्ला प्रहरी कार्यालय सप्तरीमा २०६४ असार १४ गते सिंहसमेत नौ जनामाथि किटानी उजुरी दिएकी थिइन् ।

सप्तरी जिल्ला अदालतका न्यायाधिश दुर्गाप्रसाद ढुंगेलको इजलाशले यादवलाई २०७१ चैत ११ गते ४ वर्षको कैद सजाय हुने फैसला गरेको थियो । उच्च अदालत जनकपुर राजविराजको इजलाशका न्ययाधिशद्वय नारायण प्रसाद श्रेष्ठ र शेखरचन्द्र अर्यालको २०७५ भदौं ९ गतेको संयुक्त इजलाशले पनि जिल्लाकै फैसलालाई सदर गरेको थियो । २०७८ साल पुस १३ गते सर्वोच्च अदालतका न्यायाधिशद्वय प्रकाशमान सिंह राउत र बमकुमार श्रेष्ठको संयुक्त इजलाशले पनि जिल्ला र उच्च अदालतको फैसलालाई सदर गरेको थियो ।

सप्तरीको साविक खोक्सरप्रवाहा गाविस १ का ३२ वर्षीय माओावदी नेता दिपु भनिने गोविन्द चौधरीको २०६४ साल असार ९ गते साविकको बोदेबर्साइन गाविस ४ बाट अपहरण गरी सोही दिन नेङ्गडा गाविस ५ वैरिया टोलमा पाँचवटा गोली हानी हत्या गरिएको जाहेरीमा उल्लेख छ ।

यसअघि जिल्लाकै बोदेबरसाइन नगरपालिकाका मेयर आतेश कुमार सिंह यादवमाथी अख्तियारले भ्रष्टाचार मुद्दा चलाएका कारण निलम्बनमा परेको आठ दिन नबित्दै उनका बुबा मधेश प्रदेशसभा सदस्य रहेका अनिरुद्ध प्रसाद सिंह यादव हत्या तथा डाका मुद्दामा कारागार चलान भई निलम्बनमा परेपछी सो नगरपालिकामा अहिले खैलाबैला मच्चिएको छ ।

यादव परिवारका लागी दुःखद संयोग के रह्यो भने आठ दिनको अन्तरालमा दुबै बाबु छोरा आ-आफ्नो पदबाट निलम्बनमा परेका हुन् ।

गत बुधवार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बोदेवसाईन नगरपालिकाका मेयर आतेश कुमार सिह यादवसहित आठ जना विरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेपछी उनी निलम्बनमा परे । उनीहरुमाथी नगरपालिकामा सुरु नै नभएको एक पशु सम्बन्धि योजनाको अनुगमनदेखि कार्य सम्पन्न सम्मको प्रतिवेदन बनाएर नगरपालिकाबाट झुठो बिलको आधारमा १४ लाख ७२ हजार रुपैया भुक्तानी दिएको अख्तियारको आरोप छ ।

### *धर्मको बहसमा...*

संस्कृत भाषामा लेखिएको थियो । प्राचीन पाश्चात्य दर्शनका आधार ज्ञानसम्बन्धी पुस्तक हेब्रु, ल्याटिन तथा ग्रिक भाषमा लेखिएका देखिन्छन् । जसको पश्चिमा संसारले उत्तिकै संरक्षण गरेको छ । कमजोरी केही भए पनि अभिभावकत्व कहिल्यै विनाश गर्नुहुन्न । राज्यले केही भाषाहरूमा गरेका लगानी धर्मको हिसाबले नभई त्यस्को धरातलको हिसाबले भएको हो । जसलाई हामीले गलत व्याख्या गर्दै सामाजिक विग्रह अनि इतिहासको विनाशका लागि प्रयोग गर्दैछौं ।

विश्वका कतिपय समुदाय नेपालका गौरवहरूमाथि नियोजित आक्रमण चाहन्छन् । भारत बुद्धमाथि आक्रमण गर्छ । युरोप धर्म र अमेरिका जातलाई लिएर कलह रोप्दै छन् । फरक प्रयासको एउटै आशय चाहिँ यो देशलाई उनीहरूको परीक्षण प्रयोगशाला बनाउने हो । युरोपका अधिकांश देशमा स्थायी प्रकारको बस्ती थिएन । घुमन्ते, फिरन्ते प्रथा थियो । विभिन्न ठाउँबाट विभिन्न समूहका मानिसहरू आएर बसे । तर नेपाल लामो समय स्थायी बसोबास भएको ठाउँ हो । यसको आफ्नो एउटा मुख्य धर्म, संस्कृति, परम्परा अनि जीवन दर्शन स्वाभाविक हुन्थ्यो ।

नेपाल एक मात्र हिन्दु राष्ट्र रहँदा विश्वभरका हिन्दुहरूको चासो बढेको थियो । यद्यपि पहिले पनि धर्ममा कट्टर हुने र अरूप्रति अनादर देखाउने सोच कसैमा थिएन र अभ्यास पनि भएन । तर आवश्यकभन्दा बढी सहजीकरणले कहिलेकाहीँ शङ्का जन्माउँछ । चाहिनेभन्दा बढी सतर्कताले झन् सन्त्रास ल्याउँछ । रोग नै नलागेको मानिसलाई उपचार गर्न खोजियो भने चिकित्सकमा गलत हिसाबले पैसा कमाउने स्वार्थ छ कि भन्ने शङ्का जन्मन्छ । धर्मका नाममा अनावश्यक विवाद देशको विकास, आत्मीयता अनि सौहार्दतामाथि त्यस्तै एक अधर्र्मी र निर्दयी गलपासो बन्ने सम्भावना देखिन्छ । अरूका लागि विभाजित कि आफ्ना लागि एकाकार हुने, एक पटक फेरि सघन, समाजपरक र स्वच्छ बहस चल्नु पर्छ, समीक्षा हुनु पर्छ । निर्णय जे आओस्, सम्पूर्ण नागरिकलाई स्वीकार्य हुने र अपनत्व बोध हुने बन्नु पर्दछ । रातोपाटीबाट

---

जनहीतका लागि जारि सन्देश

## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने ।

**अनुरोधकर्ता : छिन्नमस्ता गाउँपालिका, सप्तरी**

---

# अन्तर्राष्ट्रिय समाचार

## जी २० शिखर सम्मेलनस्थलमा शक्तिराष्ट्रका नेता

**नयाँदिल्ली**/शनिबार र आइतबार भारतको राजधानी नयाँदिल्लीस्थित प्रगति मैदानमा अयोजना हुने युरोपेली सङ्घसहित १९ वटा विशाल अर्थतन्त्र भएका राष्ट्रको अन्तर सरकारी सङ्गठन जी २० शिखर सम्मेलनमा भागलिन विश्वका शक्तिराष्ट्रका नेताहरू प्रगति मैदानमा निर्माण गरिएको भारत मण्डपमा आउनेक्रम जारी छ । प्रधानमन्त्री नरेन्द्र मोदीले बेलायतका प्रधानमन्त्री ऋषि सुनकलाई सम्मेलनस्थल मण्डपमा स्वागत गर्नुभएको छ । त्यसअघि बेलायती प्रधानमन्त्रीलाई इन्दिरा गान्धी अन्तरराष्ट्रिय विमानस्थलमा बाह्य मामिलामन्त्री सुब्रमन्यम जयशङ्कर, राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभलसहित बाह्य मामिला मन्त्रालयका उच्च अधिकारीहरूले स्वागत गर्नुभएको थियो ।

यसअघि आफ्ना जापानी समकक्षी फुमियो किसिदालाई प्रधानमन्त्री मोदीले सम्मेलनस्थलमा स्वागत गर्नुभएको थियो । पन्ध्र वर्षअघिको आर्थिक सङ्कटका बेला विश्वअर्थतन्त्रलाई व्यवस्थापन गर्ने उद्देश्यले उदीयमान अर्थतन्त्रको साझा सङ्गठनका रुपमा स्थापना भएको जी २० को नयाँदिल्ली संस्करणमा सहभागी हुन विभिन्न देशका राष्ट्रपति र प्रधानमन्त्री नयाँदिल्ली आइसक्नुभएको छ । अमेरिकी राष्ट्रपति जो बाइडेन, अष्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानीज, संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसलगायत विश्व नेता शुक्रबार राजधानी आइपुग्नु भएको हो । टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगान, दक्षिण अफ्रिकाका राष्ट्रपति सिरिल रामाफोसा, दक्षिण कोरियाका राष्ट्रपति युन सुक येओल, जर्मन चान्सलर ओलाफ स्कोल्ज, युरोपेली परिषद्का अध्यक्ष चार्ल्स मिशेल, विश्व स्वास्थ्य सङ्गठनका प्रमुख टेड्रोस अधानोम गेब्रेयसस र अन्तरराष्ट्रिय श्रम सङ्गठनका महानिर्देशक गिल्बर्ट एफ होङबो पनि जी २० सम्मेलनस्थलमा पुग्नुभएको छ । प्रधानमन्त्री मोदीले उहाँहरूसँग अङ्कमाल गर्दै हात मिलाएर तस्बिर खिचाउनुभएको छ । यसैगरी विश्व ब्याङ्कका अध्यक्ष अजय बङ्गा, अन्तरराष्ट्रिय मुद्रा कोषका प्रमुख क्रिस्टालिना जर्जिएभा, अफ्रिकी सङ्घका अध्यक्ष अजाली असुमानी, साउदी अरबका प्रधानमन्त्री तथा युवराज मोहम्मद बिन सलमान अल साउद पनि सम्मेलनस्थलमा आइपुग्नुभएको छ ।

शिखर सम्मेलनको पूर्वसन्ध्यामा एक आलेख प्रकाशन गर्दै भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले मानव केन्द्रित विश्वविकासमा जोड दिनुभएको छ । उहाँले साझा भविष्यका निम्ति विश्वका सबै मानवबीच एकता हुनुपर्ने, विश्ववासी एक परिवारका रुपमा हातेमालो गर्दै साझा प्रगति र समृद्धि प्राप्तिका लागि अघिबढ्नुपर्नेमा जोड दिनुभएको हो । प्रधानमन्त्री मोदीले आर्थिक एवं औद्योगिक रुपमा कम विकसित देशहरूलाई एकैस्थानमा उभ्याउने 'ग्लोबल साउथ'को अवधारणा तथा अफ्रिकाका विकासशील मुलुकका सीमान्तकृत आकाङ्क्षालाई मूल प्रवाहमा समाहित गर्न अपरिहार्य भएको विचार व्यक्त भारतका प्रधानमन्त्रीले दिगो विकासका लक्ष्य प्राप्तिमा भएका प्रगतिबारे जी २० शिखर सम्मेलनमा समीक्षा हुने र लक्ष्यहरूको अक्षरसः कार्यान्वयनका लागि कार्यदिशा निर्धारण गर्ने बताउनुभएको छ । आइतबार सम्पन्न हुने जी २० बैठकमा विश्वका अधिकांश राष्ट्रका एक लाख प्रतिनिधिले भाग लिने बताइएको छ । अध्यक्षका रुपमा भारतले वर्षभरिमा जी २० सँग सम्बन्धित दुई सय वटा बैठक देशका विभिन्न ६० शहरमा आयोजना गर्ने घोषणा गरेको छ । एजेन्सी

## अफ्रिकी संघलाई जी २० को स्थायी सदस्यता

**नयाँदिल्ली**/युरोपेली सङ्घसहित १९ वटा विशाल अर्थतन्त्र भएका राष्ट्रको अन्तर सरकारी सङ्गठन जी २० मा नयाँ सदस्य थपिएको छ । समूहको स्थायी सदस्यका रुपमा अफ्रिकी सङ्घ थपिएको हो । जी २० का अध्यक्ष एवं भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले समूहको शिखर सम्मेलनमा स्वागत मन्तव्य व्यक्त गर्दै अफ्रिकी सङ्घको प्रतिनिधत्व गरिरहनुभएका सङ्घका अध्यक्ष अजाली असुमानीलाई जी २० को स्थायी सदस्यका रूपमा समूहका नेताहरूसँगै आसन ग्रहण गर्न आग्रह गर्नुभयो । "सबैको स्वीकृतिमा अफ्रिकी सङ्घका प्रमुखलाई जी २० को स्थायी सदस्यको रूपमा आफ्नो स्थानमा बस्न अनुरोध गर्दछु" प्रधानमन्त्री मोदीले आफ्नो स्वागत मन्तव्यका क्रममा भन्नुभयो । प्रधानमन्त्री मोदीको अनुरोधसँगै विदेश मन्त्री एस जयशङ्करले युनियन अफ कोमोरोसका अध्यक्ष एवं अफ्रिकी सङ्घका अध्यक्ष असुमानीलाई विश्व नेताहरूका स्थानमा लिएर जानुभयो । जी २० को सदस्यका रूपमा अफ्रिकी सङ्घलाई समावेश गर्नु भारतको उद्देश्य थियो जुन आज पूरा भएको छ । प्रधानमन्त्री मोदीले नै अफ्रिकी सङ्घलाई समूहमाा ल्याउन प्रस्ताव गर्नुभएको थियो ।

"हामीले जी २० को कारवाही सुरु गर्नुअघि म मोरक्कोमा भूकम्पका कारण ज्यान गुमाएकाहरूप्रति समूहका तर्फबाट श्रद्धाञ्जलि व्यक्त गर्न चाहन्छु, घाइते सबैको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै शोकाकूल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछु । यस कठिन घडीमा मोरक्कोलाई हरसम्भव सहयोग गर्न भारत तयार छ," प्रधानमन्त्री मोदीले स्वागत मन्तव्य व्यक्त गर्दै भन्नुभयो । प्रधानमन्त्री मोदीले गत जुनमा जी २० का आफ्ना समकक्षीहरूलाई पत्र लेखेर नयाँदिल्ली शिखर सम्मेलनमा अफ्रिकी सङ्घलाई पूर्ण सदस्यता प्रदान गर्न अनुरोध गर्नुभएको थियो । सन् २००२ मा सुरु भएको अफ्रिकी महादेशका ५५ देशको समूह अफ्रिकी सङ्घलाई सङ्घमा आवद्ध देशहरूको अनुरोधमा पूर्ण सदस्यता दिन प्रधानमन्त्री मोदीले प्रस्ताव गर्नुभएको थियो । एजेन्सी

## मोरक्कोमा भूकम्पः ८ सय २० जनाको मृत्यु, सयौंको अवस्था गम्भीर

**मोरक्को**/मोरक्कोमा भएको शक्तिशाली भूकम्पमा परी हालसम्म आठ सय २० जनाको मृत्यु भएको छ भने छ सय ७२ जना घाइते भएका छन् । गृह मन्त्रालयका अनुसार घाइतेमध्ये दुई सय पाँच जनाको अवस्था गम्भीर छ । भैचालोमो ज्यान गुमाउने र घाइते हुने आधाभन्दा बढी अल-हौज र ताराउदान्ट प्रान्तका रहेका बताउँदै उक्त मन्त्रालयले मराकेस, अगादिर, कासाब्लाङ्का, और्जाजाटे, चिचौवा, अजिलाल र युसुफिया पनि अधिक प्रभावित भएका जनाएको छ । शुक्रबार राति ११:११ बजे भएको ६.८ म्याग्निच्युडको भूकम्पबाट भयभीत मोरक्कोली मध्यरातमा घर छोडेर भागेका थिए । अहिले पनि अधिकांश घरबाहिर त्रिपाल टाँगेर बसिरहेका छन् । एजेन्सी

# अख्तियारको नियन्त्रणमा रहेका गाउँपालिका अध्यक्षसहित तीनै जना धरौटीमा रिहा

**राजविराज**/अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सप्तरीको विष्णुपुर गाउँपालिकाका अध्यक्ष, लेखापाल र एमआइएस अपरेटरलाई नियन्त्रणमा लिई उनीहरु बिरुद्ध मंगलबार विशेष अदालतमा आरोप पत्र दायर गरेको छ ।

सोलार बत्ति जडान कार्यको भुक्तानी दिने क्रममा घुस लिएको भन्दै अख्तियारले पालिका अध्यक्ष उमेश प्रसाद यादव, लेखापाल टेकनारायण यादव र एमआइएस अपरेटर बिरेन्द्र कुमार यादव विरुद्ध विशेष अदालतमा आरोपपत्र दायर भएको अख्तियारका प्रवक्ता भोला दाहालले जानकारी दिएका छन् ।

ओरापपत्र दायर भएपनि तीन जनालाई अख्तियारले धरौटीमा रिहा गरेको छ । अध्यक्ष उमेश प्रसाद यादव र एमआइएस अपरेटर बिरेन्द्र यादवलाई २/२ लाख तथा लेखापाल टेकनारायण यादवलाई ३ लाख धरौटीमा रिहा गरिएको हो ।

गाउँपालिकामा आर्थिक वर्ष २०७९/८० मा भएको सोलार बत्ति जडान कार्य सम्पन्न भएपछि अन्तिम भुक्तानी दिने क्रममा अध्यक्ष, लेखापाल र एमआइएस अपरेटरको मिलोमतो र योजनामा दुई लाख नगद र तीन लाखको चेक घुसवापत लिएको पाइएकाले प्रतिवेदनसहित आरोपपत्र दायर गरिएको हो ।

तीनै जनामाथी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ को उपदफा १ बमोजिम बिगो, कैद र जरिवाना माग गरिएको छ । उनीहरुबाट ५ लाख बिगो र बिगो बमोजिमको कैद र जरिवाना असुल गर्न माग गरिएको छ ।



विष्णुपुर गाउँपालिकाका निलम्बित अध्यक्ष उमेश प्रसाद यादव

गत साउन ३१ गते सोलार बत्ति जडान कार्य सम्पन्न भएपछि अन्तिम भुक्तानी दिने क्रममा जडान कम्पनिका प्रतिनिधिसँग ५ लाख रुँपैया घुस लिँदै गर्दा लेखापाल टेकनारायण र एमाआइएस अपरेटर बिरेन्द्रलाई अख्तियारको इटहरीस्थित कार्यालयको टोलीले राजविराजको एक बस बुकिङ काउन्टरबाट पक्राउ गरेको थियो ।

पक्राउ परेकाहरुबाट लिइएको बयान र थपअनुसन्धानको क्रममा गाउँपालिका अध्यक्ष यादव समेतको संलग्नता पुष्टि भएपछि उनलाई पनि नियन्त्रणमा लिई तीनै जना बिरुद्ध विशेष अदालतमा आरोपपत्र दायर गरिएको आयोगले जनाएको छ ।

यता भदौ ७ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गाउँपालिकालाई पत्राचार गर्दै आयोग ऐन २०४८ को दफा १६(४) बमोजिम विशेष अदालतबाट म्याद थप भइ थुनामा रहेका सार्वजनिक पद धारण गरेका राष्ट्रसेवक आयोग ऐन २०४८ को दफा १७ र तथा भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३३ बमोजिम स्वत: निलम्बन हुने प्रावधान अनुरूप अध्यक्ष निलम्बन भएको जानकारी गराएको थियो ।

यसअघि राजविराज नगरपालिकाका प्रमुख भिमराज यादव र शम्भुनाथ नगरपालिका प्रमुख जितेन्द्र प्रसाद गुप्ता भ्रष्टाचारको आरोपमा निलम्बित भइसकेका छन् । दुबै जना बिरुद्ध अख्तियारले भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ को उपदफा १ को कसुरमा कैद र जरिवानासहित विशेष अदालतमा आरोप पत्र दायर गरेपछि उनीहरु निलम्बित भएका हुन् ।

राजविराज नगरपालिकाका प्रमुख यादवको हकमा भने केही दिन अघि मात्र विशेष अदालतले २ लाख ६४ हजार ४ सय ४ जरिवाना तोकिसकेका छन् । शम्भुनाथ नगरपालिकाका मेयर गुप्ताको मुद्दा भने सुनवाईकै क्रममा रहेको छ ।

# गौं हत्यामा संलग्नलाई पक्राउ गरी कारवाहीको माग गर्दै प्रर्दशन

**राजविराज**/विश्व हिन्दु परिषद् नेपाल, कबिर पन्थ, रमानन्दी वैष्णव संघ, हिन्दु स्वंयसेवक संघ र हनुमान अराधाना मण्डल सप्तरी लगायतका संघ सस्थाको अगुवाईमा गौं हत्यामा संलग्नलाई पक्राउ गरी कडा कारवाहीको माग गर्दै प्रर्दशन गरिएको छ ।

गत आइतबार भएको सो प्रर्दशनमा धर्म निरपेक्षता खारेज गर, हिन्दु राष्ट्र कायम गर, गौ हत्या बन्द गर लगायतका नारासहित गौं हत्यामा संलग्न रहेकाहरुलाई अबिलम्ब पक्राउ गरी कडा कारवाही तथा नेपाललाई हिन्दु राष्ट्र घोषणा गर्न माग गरिएको हो ।

स्थानीय भगवती मन्दिर प्राङ्गणबाट निस्किेको जुलुस नगर क्षेत्र परिक्रमा पश्चात पुन: सोही ठाउँमा पुगी विरोध सभामा परिणत भएको थियो ।

सभामा विश्व हिन्दु परिषद् नेपाल सप्तरीका अध्यक्ष राम किसुन साह, विश्व हिन्दु परिषद नेपालका राष्ट्रिय सचिव राम नारायण ठाकुर, हिन्दु स्वयसेवक संघ सप्तरीका संघ चालक भोगेन्द्र झा, सन्त जिवछ साहव, मोती दास, भोला दास, फुलेश्वर यादव लगायतले राष्ट्रिय जनावर तथा हिन्दुहरुको आस्थाको प्रतिक गाईलाई मारेर खानु कानुन विपरित हुनका साथै धर्म संस्कृति र परम्परामाथी नै प्रहार भएको बताउँदै गौं हत्यामा संलग्नमाथी कारवाही तथा हिन्दु राष्ट्रका लागी चरणबद्धरुपमा आन्दोलन जारी राख्ने उद्घोष समेत गरे ।

# फरार रहेकी एक मिटरब्याजीलाई पक्राउ गर्न माग गर्दै प्रशासनमा उजुरी



**राजविराज**/सप्तरीको खडक नगरपालिकाका दुई दर्जन मिटरब्याजी पीडितहरुले फरार रहेकी एक मिटरब्याजीलाई पक्राउ गर्न माग गर्दै सोमबार जिल्ला प्रशासन कार्यालय सप्तरीमा उजुरी दिएका छन् ।

सोही नगरपालिका १० की मिटरब्याजी फुलकुमारी साह बिरुद्ध प्रमुख जिल्ला अधिकारीलाई उजुरीपत्र बुझाएका हुन् ।

प्रदेश सांसद माला कर्ण, नेकपा एकीकृत समाजवादीका केन्द्रिय परिषद् सदस्य शत्रुहनप्रसाद आजादको अगुवाईमा २४ जना मिटरब्याजी पीडितहरुद्वारा हस्ताक्षरित उजुरी पत्रमा मिटरब्याज असुली गर्ने ५५ वर्षिया साहलाई अविलम्ब पक्राउ गरि पीडितलाई न्याय दिलाउन माग गरिएको छ ।

मिटरब्याजीबाट पीडितहरुले जिल्ला प्रशासन कार्यालयमा दिएको निवेदनमाथी सुनुवाईमा ढिलो हुँदा पीडितहरु थप पीडामा परेको प्रदेशसभा सदस्य कर्णको भनाई छ । मिटरब्याजी साहले ऋण दिँदा मनपरी ब्याज असुल्ने र घरघडेरी कब्जा गर्दा गरिबको उठिवास भएकाले साथ दिन आएको उनले बताइन् ।

मिटरब्याजी साहुनीले भएको एक मात्र घर जग्गा पनि खाली गर्न दबाव बढाउदै गएपछी तनावमा आएर श्रीमानले आत्महत्या गरेको खडक नगरपालिका १० की २८ वर्षिया ललिता साहले गुनासो पोखेकी छिन् ।

उनका श्रीमान् ३२ वर्षिय दिरिपलाल साह १८ दिन अघि घर मै मृत अवस्थामा भेटिएका थिए । प्रहरीले उनको करेन्ट लागेर मृत्यु भएको तथा घटनाबारे थप अनुसन्धान भईरहेको जनाउदै आएको छ । तर, परिवारजनले आत्महत्या भएको दावी गरेको छ ।

उजुरी बुझ्दै प्रमुख जिल्ला अधिकारी किरण थापाले पीडितलाई न्याय दिलाउन आफूले तत्कालै आवश्यक पहल गर्ने प्रतिबद्धता जनाएका छन् ।

यता एकल महिला ललिताले मानव अधिकारकर्मी तथा संचारकर्मीलाई भेटेर ऋणको बोझले तनावमा परेका श्रीमान्ले आत्महत्या गरेको भन्दै घट्नाको उच्चस्तरिय छानवीन गर्न माग गरेकी छिन् ।

उनले सोही नगरपालिकाकी मिटरब्याजी साहुनी ५५ वर्षिया फुल कुमारी साहले ऋण वापत धितो राखेको जग्गा ऋण चुक्ता गरिसकेपनि फिर्ता गर्न नमान्दा तनावमा रहेका श्रीमानले आफैले करेन्ट लगाई आत्महत्या गरेको दाबी गरेकी छिन् ।

घटनाको अघिल्लो दिन मिटरब्याजी साहुनी फुल कुमारीका आफन्तले आफुहरु बसोवास गर्दै आएको एकमात्र फुसको संरचना भएको घर भत्काइ दिएको र दुई दिन भित्र पुर्णरुपमा खाली नगरे ठेगान लगाईदिने धम्की दिएको ललिताले सुनाइन् ।

उनले जग्गा धितो राखेर लिएको ऋण ब्याजसहित चुक्ता गरिसकेपनि चर्को ब्याज थप्दै रकम माग्ने र जग्गा फिर्ता गर्न अस्विकार गर्दै आएको साहुनी फुल कुमारीले विगत एक महिना देखि मान्छे पठाएर घर जग्गा खाली गर्न दवाव बढाउँदै लगेको सुनाईन ।

# भारतीय मोटरसाइकलको सुलभ रुपमा पास व्यवस्था मिलाउन माग

**राजविराज**/भारतबाट आउने मोटरसाईकलको पास सुलभ बनाउन जनता समाजवादी पार्टी (जसपा) सप्तरीले प्रमुख जिल्ला अधिकारीलाई ध्यानाकर्षण गराएको छ ।

पार्टीका जिल्ला अध्यक्ष केदार यादवको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय पुगेको टोलीले प्रमुख जिल्ला अधिकारी किरण थापालाई ध्यानाकर्षणसहित ज्ञापन पत्र पनि बुझाएको छ ।

आफन्तलाई भेट्नका लागी नेपालतर्फ आएका कतिपय भारतीय नागरिकको मोटरसाईकल प्रहरीले नियन्त्रणमा लिएर भन्सारमा बुझाई लिलामिमा समेत गराउन थालेको ज्ञापन पत्रमा भारत-नेपालबीच रोटी बेटीको सम्बन्ध रहेकोले यसले दुई देशको सुमधुर सम्बन्धमा खलल पुऱ्याउने काम गरेको उल्लेख गरिएको छ ।

जिल्लाको छिन्नमस्ता गाउँपालिकास्थित गोबिन्दपुर, राजगढ गाउँपालिस्थित बनैनिया, बादेबर्साइन नगरपालिकास्थित स्वर्णपट्टी, डाक्नेश्वरी नगरपालिकास्थित पातो र बलान बिहुल गाउँपालिकास्थित मौवहा बेल्ही लगायतका नाकाहरुबाट समेत शुल्क लिएर भारतीय सवारीसाधनलाई अनुमती पत्र प्रदानको अविलम्ब व्यवस्था मिलाउन ज्ञापन पत्र मार्फत माँग गरिएको छ ।

भन्सार काटेर आएका भारतीय सवारी साधनलाई नेपाल प्रवेशको अनुमती दिने प्रावधान रहेपनि जिल्लाको तिलाठी कोइलाडी गाउँपालिकास्थित बेल्ही भन्सारमा मात्र भन्सार महसुल लिएर अनुमती पास दिने व्यवस्था छ तर अन्य नाकाबाट नेपाल आउन चाहने र आएका भारतीयहरुलाई समस्या परिरहेको ज्ञापन पत्रमा उल्लेख छ ।

टोलीमा जिल्ला कमिटीका उपसिचवद्वय शम्भु कुमार यादव, निलेश झा, कार्यकारणी सदस्य लक्ष्मण यादव, राजेश्वर राय, विद्यार्थी नेता श्याम कुमार यादव लगायत सहभागी थिए ।

ज्ञापन पत्र बुझ्दै प्रमुख जिल्ला अधिकार थापाले कानुनको परिधीमा रही भारतीय नम्बरका सवारी साधनलाई सहज रुपमा प्रवेश र अनुमती पत्र उपलब्धका लागी आफुले आवश्यक पहल गर्ने आश्वान दिएका थिए ।

डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
City Express Money Transfer
Best Remit
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

प्रकाशक : श्रीमती सुमित्रा गुप्ता, सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सह-सम्पादक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), लेआउट : संजय शेखर,
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : saptahiknavin@gmail.com, वेबसाइट : rajbirajdainik.com.np